Samaj Anweshan Vol. 3, No. 2 : 18 Oct.2025-13 Apr. 2026
DOI: https://doi.org/10.3126/anweshan.v3i2.87526
Research Article
ISSN: 3021-9035 Print

# समाजवाद उन्मुख अर्थतन्त्र

केशव पुडासैनी 'विमल'
bimalbimu@gmail.com

## लेखसार

समाजवाद मूलतः राजनीतिक, आर्थिक प्रणाली हो। खास राजनीतिक आर्थिक प्रणालीले समाजको खास वर्गको प्रतिनिधित्व गर्ने भएकाले समाजवादले पनि समाजको खास वर्गको प्रतिनिधित्व गर्दछ। यसले आफ्नो वर्गको वर्गीय स्वार्थको रक्षा र प्रवर्द्धन गर्न अरू विपरीत वर्गमाथि शासन गर्दछ। विश्वमा निकै लामो समयदेखि सामाजिक खराबीहरूको अन्त्यको विषयलाई लिएर दार्शनिक तथा राजनीतिक चिन्तन र व्यवहारको क्षेत्रमा निरन्तर विचार विमर्श हुँदै आएको छ। यही विचारविमर्शको क्रममा समाजवादी विचार सिद्धान्त पनि अस्तित्वमा आएको र यस सिद्धान्तलाई कार्यान्वयनको निम्ति विभिन्न किसिमले प्रयास पनि हुँदै आएको छ। विश्वका विभिन्न मुलुकहरूमा कम्युनिस्ट पार्टीको नेतृत्वमा सम्पन्न भएका क्रान्तिपछि गठन भएको कम्युनिस्ट सरकारले श्रमजीवी सर्वहारा वर्ग समुदायको अधिनायकत्वअन्तर्गत समाजवादी शासन व्यवस्था स्थापना गरेका छन् भने पुँजीवादी शासन व्यवस्थाअन्तर्गत हुने निर्वाचनमा भाग लिएर सरकारको नेतृत्व गर्न पुगेका राजनीतिक पार्टीहरूले पनि पुँजीपति वर्गको अधिनायकत्वअन्तर्गत पनि समाजवादी व्यवस्था निर्माणको अभ्यास गरेका छन्। समाजवाद सामूहिक हितको वकालत गर्ने र हरेक व्यक्तिलाई समाजको अभिन्न अङ्ग मान्ने सिद्धान्त हो। समाजवाद निर्माणको आधारभूत तत्त्व भनेको समाजवाद उन्मुख अर्थतन्त्रको निर्माण नै हो।

## शब्दकुञ्जी

उदारवाद, दलाल पुँजीवाद, मार्क्सवाद, राष्ट्रिय पुँजीवाद, समाजवाद

## विषय प्रवेश

कुनै पनि सामाजिक राजनीतिक व्यवस्थाको आधार अर्थतन्त्र हो। सारतः अर्थतन्त्र भनेको सामाजिक आर्थिक प्रणाली हो। अर्थतन्त्रको स्वरूप र चरित्र समाजमा विद्यमान उत्पादन सम्बन्धबाट निर्धारित हुन्छ र यसैअनुसार देशको राजनीतिक सत्ताको चरित्र निर्माण हुन्छ। मानव समाजमा रहेका खराबीहरूको अन्त्यको लागि प्राचीनकालदेखि विभिन्न दार्शनिकहरूले विभिन्न विचार तथा सिद्धान्तहरू अघि सार्दै आएका छन्। यी सिद्धान्तहरूमध्ये समाजवादी सिद्धान्त पनि एक हो। व्यक्तिवादको विपरीत अर्थ बोकेको शब्द समाजवादले न्यायपूर्ण, शोषणरहित र स्वतन्त्र मानवीय समाज निर्माणको आकाङ्क्षा राखेको हुन्छ। समाजवादी शासन व्यवस्थामा उत्पादनका साधनमाथि राज्य, समाज र सहकारीको स्वामित्व कायम गरिएको हुन्छ।

नेपालको संविधान २०७२ ले नेपाललाई 'समाजवाद उन्मुख' सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक मुलुक भएको किटानी गरेको छ। लामो समयदेखि नेपालमा समाजवाद निर्माणबारे राजनीतिक र प्राज्ञिक क्षेत्रमा विचार विमर्शहरू हुँदै आएका छन्। गणतन्त्र स्थापनापछिको १८ वर्ष र संविधानसभाबाट सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान घोषणा गरिएको करिब १० वर्षको अवधिमा निर्माण गरिएका कुनै पनि सरकारले समाजवाद उन्मुख अर्थनीतिको ठोस मार्गचित्र अघि सार्न सकेनन्। यसर्थ यहाँ समाजवाद उन्मुख अर्थतन्त्रबारे सङ्क्षिप्त चर्चा गरिएको छ।

## *अध्ययनविधि*

आवश्यक सूचना, स्रोत र सामग्रीको अभावमा शोध कार्यलाई प्रभावकारी किसिमले अघि बढाउन र विश्वसनीय बनाउन सकिँदैन । यसर्थ यस शोधकार्यलाई प्रभावकारी र विश्वासनीय बनाउनको लागि द्वितीय स्रोतबाट सूचना तथा तथ्याङ्क सङ्कलन गरिएको छ । प्राप्त सूचना तथा तथ्याङ्कलाई आवश्यकता र सन्दर्भअनुसार उचित स्थानमा स्थापित गरेर तिनलाई वर्णनात्मक विधिबाट विश्लेण गरिएको छ।

## *समाजवाद*

विश्वका विभिन्न राजनीतिक तथा दार्शनिकहरूले 'समावजाद' सम्बन्धी धारणा अघि सार्दै आएका छन् । उनीहरूका अनुसार समाजवादको उद्देश्य वर्गरहित समाजको स्थापना गर्नु हो (आचार्य, २००७, पृ. २९२) । परम्परागत रूपमा समाजवादको सार सार्वजनिक सम्पत्तिमा जनताको सामुदायिक स्वामित्व हुनुपर्ने कुरासँग सम्बन्धित छ (महत, २०७७, पृ. २) । समाजवादी व्यवस्थाको विशेष चरित्र के हो भने त्यसले आम रूपमा नै स्वामित्वको उन्मूलन गर्दैन, त्यसले त खालि बुर्जुवा स्वामित्वको मात्रै उन्मूलन गर्दछ (मार्क्स एङ्गेल्स, २०६४, पृ. ६२) । यसकारण समाजवाद भनेको उत्पादनका सधन तथा उत्पादित वस्तुमाथिको सामूहिक स्वामित्वको अवस्था हो। यसमा समाजका हरेक मानिसलाई क्षमता विकासको निम्ति समान अवसर, क्षमताअनुसारको रोजगारी (काम) र कामअनुसारको ज्याला उपलब्ध गराइन्छ। सामाजिक न्याय, समानता र स्वतन्त्रताको अवस्था कायम गरेर शोषण र उत्पीडनरहित मानव समाज निर्माण गरिन्छ । किनकि गरिबी समाजवाद होइन, समाजवादको अर्थ गरिबी उन्मूलन हो। उत्पादक शक्तिको विकास तथा जनताको जीवनस्तरमा सुधार नगरीकन समाजवाद निर्माण हुन सक्दैन (Xiaoping, 1987, p. 107)।

## *समाजवादी सिद्धान्तको विकास*

बेलायतका थोमस मुर (सन् १४७८–१५३५) लाई आधुनिक समाजवादी विचारका प्रणेता मानिन्छ। पेसाले क्याथोलिक चर्चका सम्मानित पादरी, कानुन व्यवसायी, न्यायाधीश र लेखक रहेका मुरले सन् १५१६ मा 'स्वप्नलोकको टापु' (Island of Utopia) शीर्षकमा उपन्यास लेखेका थिए । यस उपन्यासमा उनले समतामूलक, शोषणरहित, स्वतन्त्र र समृद्ध मानव बस्तीका रूपमा एउटा टापुलाई चित्रण गरेका थिए। यस उपन्यासमार्फत् उनले व्यक्त गरेका विचारलाई समाजवादी सिद्धान्त मानियो ।

थोमस मुरपछि बेलायतका रोबर्ट ओवेन (सन् १७७१–१८५५) र फ्रान्सका चार्ल्स फुरियर (सन् १७७२–१८३७) ले समाजवादी सिद्धान्तलाई परिस्कृत बनाउनुका साथै व्यावहारिक रूपमा समाजवादी समाजको स्थापनाको प्रयास गरे। पुँजीवादी शासन व्यवस्थाअन्तर्गत समाजवाद निर्माण गर्न सकिँदैन भन्ने कुरा उनीहरूले पहिल्याउन नसकेको हुँदा यिनीहरूको प्रयास सफल हुन सकेन । पुँजीपति वर्गको शासन व्यवस्थालाई ध्वंस गरेर श्रमजीवी वर्गले आफ्नो शासन सत्ता स्थापना गर्नुपर्छ भन्ने मान्यता अघि नसारिएको हुँदा रोबर्ट ओवेन र चार्ल्स फुरियरको सिद्धान्त क्रान्तिकारी थिएन । यिनीहरूको सिद्धान्तलाई काल्पनिक समाजवाद भनियो ।

जर्मनीका कार्ल मार्क्स (सन् १८१८–१८८३) र फ्रेडरिक ऐङ्गेल्स (सन् १८२०–१८९५) ले काल्पनिक समाजवादलाई वैज्ञानिक समाजवादमा रूपान्तरण गरे (Koziov, 1977, p. 13) । मार्क्स र ऐङ्गेल्सले बताएअनुसार वैज्ञानिक समाजवाद यस्तो शासन व्यवस्था हो कि पुँजीपति वर्गको शासनसत्ताका विरुद्ध आधुनिक सर्वहारा वर्गले क्रान्ति गर्छन् र यस्तो क्रान्तिबाट सर्वहारा वर्गले राजनीतिक सत्ता कब्जा गरेर उत्पादनका साधनलाई राज्यको सम्पत्तिमा बदल्छन् । यसपछि सर्वहारा वर्गले आफूलाई मात्र नभएर सम्पूर्ण वर्गीय भेदभाव, विरोधी वर्ग र राज्यको अस्तित्व नै उन्मूलन गर्दछ (Engels, 1908, p. 127) । मार्क्सवादी सिद्धान्तको आधारमा विश्वका विभिन्न मुलुकमा सामन्तवादी/पुँजीवादी शासन व्यवस्थाका विरुद्ध श्रमजीवी सर्वहारा मजदुर वर्गले गरेको सशस्त्र क्रान्तिबाट समाजवादी शासन व्यवस्था स्थापना हुन पुग्यो ।

## *समाजवादी अर्थतन्त्र*

खास राजनीतिक व्यवस्था अर्थतन्त्रकै केन्द्रीकृत अभिव्यक्ति हो। कार्ल मार्क्सले प्रत्येक सामाजिक सम्बन्ध, व्यवहार, चिन्तन, घटनाक्रम, सङ्गठन, संस्था आदिका कारण समाजको आर्थिक अवस्थालाई मानेका छन् । आर्थिक अवस्था वा तहमा आउने परिवर्तनले सामाजिक संरचनामा पनि परिवर्तन ल्याउँछ (आचार्य, ३०६३, पृ. ११)। समाजवादी अर्थतन्त्रले समाजका बहुसङ्ख्यक मेहनतकस जनताका अधिकतम आवश्यकताहरूको पूर्ति तथा कल्याणमा जोड दिन्छ (सिंह, २०६०, भूमिका खण्ड) । समाजवादी राज्य व्यवस्थामा उत्पादनका साधनहरूमाथि राज्यको स्वामित्व हुने हुनाले उत्पादन, वितरणलगायत महत्त्वपूर्ण निर्णयहरू केन्द्रबाट हुने गर्दछ (वन्त, सन् २००७, पृ. १०९) ।

समाजवादी उत्पादन व्यवस्था भनेको सर्वहारा वर्गको नेतृत्वमा सञ्चालन हुने उत्पादन व्यवस्था हो। उत्पादनका सम्पूर्ण साधनहरूमाथि सार्वजनिक स्वामित्व कायम हुन जाने कारणले गर्दा यो उत्पादन प्रणालीमा राज्यले केन्द्रीय योजनाको माध्यमबाट उत्पादन प्रक्रिया सञ्चालन गर्दछ। कृषिमा सामूहिकीकरण गरी सहकारिता तथा कम्युन (Commune) व्यवस्थाबाट उत्पादन प्रक्रिया सञ्चालन गरिन्छ। औद्योगीकरणमा राज्यको भूमिका नै सर्वोपरि हुन्छ (गौतम, २०५६, पृ. ३५)। समाजवादी अर्थव्यवस्थाअन्तर्गत उत्पादनको मुख्य उद्देश्य सामाजिक आवश्यकतालाई पूर्ति गर्नु र राष्ट्रिय आम्दानीको न्यायपूर्ण वितरण गर्नु हुन्छ।

## *सोभियत सङ्घमा समाजवाद उन्मुख अर्थतन्त्रको निर्माण*

लेनिन सन् १९१७ मा रुसी भूमिमा सम्पन्न भएको अक्टोबर समाजवादी क्रान्तिका नायक र सोभियत सङ्घ निर्माणको अभियन्ता थिए। सोभियत सङ्घमा समाजवादको निर्माण नहुँदै सन् १९२४ मा लेनिनको असामयिक निधन भयो । मृत्यु हुँदासम्म लेनिनले सोभियत सङ्घको भावी नेतृत्व र समाजवाद निर्माणको स्पष्ट चित्र प्रस्तुत गरेका थिएनन् । लेनिनको मृत्युपछि सोभियत सङ्घको शासन व्यवस्थाको अभिभारा स्तालिनको काँधमाथि आइपुग्यो। सोभियत सङ्घको कम्युनिस्ट पार्टी र सोभियत सङ्घको समाजवादी सत्ताको नेतृत्व सम्हाल्न पुगेका स्तालिनको लागि सोभियत सत्ताको रक्षा गर्नु र समाजवाद निर्माण गर्नु निकै ठुलो चुनौती थियो ।

लेनिनको मृत्युपछि ट्राटस्की, कामेनेम र बुखारिन तत्काल समाजवाद निर्माणको विपक्षमा उभिए। पार्टी केन्द्र र सरकारमा शक्ति सन्तुलन मिलाउन स्तालिनले लेनिनकी श्रीमतीलाई पार्टीको केन्द्रीय समितिमा मनोनित गर्नुका साथै शिक्षा मन्त्रीसमेत बनाए। अन्ततः उनी पनि स्तालिनको विपक्षमा खडा भइन् र ट्राटस्की, कामेनेम र बुखारिनको विचारलाई समर्थन गर्न थालिन्। यस्तो कठिन परिस्थितिमा श्रमजीवी सर्वहारा वर्गबाट आएका स्तालिनले जसरी पनि सोभियत समाजवादी सत्ताको रक्षा गर्ने, सोभियत सङ्घमा समाजवादको निर्माण गर्ने र विश्वसर्वहारा वर्गीय क्रान्तिलाई अघि बढाउने अठोट लिए। यही अठोटका साथ स्तालिनले कुनै बाह्य सहयोग विना नै रसियामा समाजवादको निर्माण गर्ने घोषणा सन् १९२४ को अगस्टमा गरे (Strong, 1956, p. 13) ।

अक्टोबर क्रान्ति सम्पन्न हुँदासम्म रसियामा १% सम्भ्रान्त वर्गको हातमा २५% जमिन थियो भने ८०% जनता किसान थिए र तिनको स्वमित्वमा बाँकी जमिन थियो (Russia in Revolution, http://www. sjhs. org. uk/)। जति बेला स्तालिनले सोभियत सङ्घमा समाजवाद निर्माणको प्रक्रिया अघि बढाएका थिए, त्यति बेला मुलुक कृषिमा आधारित र अविकसित थियो, जति बेला उनले समाजवाद निर्माण प्रक्रिया पूरा गरे। सोभियत सङ्घ विश्वकै दोस्रो औद्योगिक शक्तिको रूपमा उदायो (Strong, 1956, p. 125) ।

खासमा स्तालिनले सोभियत सङ्घको कम्युनिस्ट पार्टी तथा सोभियत सङ्घका जनताहरूलाई समाजवादी औद्योगीकरण बाटोमा डोऱ्याएर र सामूहिक कृषिप्रणालीको विकास गरेर समाजवादी रूपान्तरण तथा समाजवाद निर्माणमा सफलता प्राप्त गरेका थिए (On The Question of Stalin: No. date: 4) । समाजवाद निर्माणको क्रममा सोभियत सरकारले सम्पूर्ण भूमि, उद्योग, कलकारखाना, बैङ्क र जमिनलाई राष्ट्रियकरण गरेको थियो । स्तालिनले

आफ्नै बुद्धि, विवेक र बलले सोभियत सङ्घको नेतृत्व गरी समाजवादको मात्र निर्माण गरेनन् कि विश्वका विभिन्न भागहरूमा कम्युनिस्ट व्यवस्था स्थापनाको निम्ति नेतृत्वदायी भूमिका पनि निभाएका थिए ।

## *चीनमा समाजवाद उन्मुख अर्थतन्त्रको निर्माण*

सन् १९४९ मा चीनमा माओ त्सेतुङको नेतृत्वमा चिनियाँ कम्युनिस्ट पार्टीले कम्युनिस्ट क्रान्ति सम्पन्न गरी नयाँ जनवादी गणतन्त्र स्थापना गऱ्यो । माओ जनगणतन्त्र चीनको राष्ट्रपति भए । उनकै नेतृत्वमा चीनमा कम्युनिस्ट सरकार स्थापना भयो । तर आर्थिक रूपले जर्जर अवस्थामा रहेको चीनलाई आधुनिक विकासको गतिमा अघि बढाउन आवश्यक पुँजी र प्रविधिको अभाव थियो । यो अभावबाट पार गर्न अध्यक्ष माओ तथा प्रधानमन्त्री चाउ एनलाईले चीनको विकासको आधुनिकिकरणको लागि सोभियत सहयोग सुनिश्चित गर्न सन् १९५० को सुरुमा मस्कोको भ्रमण गरे । परिणामस्वरूप २०,००० चिनियाँ युवकहरू सोभियत सङ्घमा तालिमको लागि गए । १०,००० सोभियत सङ्घका इन्जिनियर र वैज्ञानिकहरू चीनमा नयाँ सडक, बाँध र कारखानाहरूको स्थापनाका लागि प्राविधिक सहयोग र सल्लाह दिन चीनमा आए (Ropp, 2010, p. 136) । कम्युनिस्ट सरकारले देशमा तत्कालै समाजवाद उन्मुख राष्ट्रिय आत्मनिर्भर अर्थनीति लागु गऱ्यो ।

चीनमा कम्युनिस्ट शासन स्थापना हुँदासम्म ९०% किसान जनताहरू निरक्षर थिए (Tse-tung, 1967, p. 53) । माओको नेतृत्वमा उद्योगहरूको राष्ट्रियकरण, कृषिको सामूहिकीकरण, व्यावहारिक र वैज्ञानिक शिक्षा नीति लागु गर्नेतर्फ केन्द्रित रहेको प्रथम पञ्च वर्षीय योजना १९५३ देखि ५७ सम्म लागु गरियो । वैदेशिक, दलाल र नोकरशाही पुँजीपति वर्गको हातमा रहेको उद्योगधन्दा, बैङ्कहरू, जमिनदार र युद्धसरदारका नियन्त्रणमा रहेको कृषियोग्य भूमिलाई विनामुआव्जा राष्ट्रियकरण गर्ने नीति लिइयो । यही सिलसिलामा सन् १९५३ सम्ममा पाँच भागको चार भाग ठुला उद्योगहरू र पाँच भागमा दुई भाग साना उद्योगहरूलाई राष्ट्रियकरण गरियो भने आधी व्यापारव्यवसायमाथि राज्यको नियन्त्रण कायम गरियो (Service, 2007, p. 288) । यो प्रक्रियासँगै राष्ट्रिय पुँजीपति वर्गसँग हातेमालो गर्दै देशलाई औद्योगीकरणको दिशामा अघि बढाइयो ।

सन् १९५६ सम्ममा चीनको कृषियोग्य भूमिको ९०% किसानहरूको सामूहिक स्वामित्व कायम गरियो । राष्ट्रियकरण गरिएको भूमि गरिब र भूमिहीन किसानलाई वितरण गर्नुका साथै यसको सामूहिक प्रयोगको लागि सहकारी तथा कम्युन निर्माण गरियो । जनगणतन्त्रको स्थापनाको पाँचौँ वार्षिकोत्सवमा सहभागी हुन चीन आएका सोभियत सङ्घको कम्युनिस्ट पार्टीको उच्च तहको प्रतिनिधिमण्डलले चीनलाई ५२० मिलियन रुबल (सोभियत मुद्रा) ऋण प्रदान गर्ने सम्झौतापत्रमा हस्ताक्षर गऱ्यो (Jian, 2001, p. 62) । क्रान्तिकालमा पनि चिनियाँ कम्युनिस्ट पार्टीले सोभियत सङ्घबाट निरन्तर आर्थिक र प्राविधिक सहयोग प्राप्त गरी नै रह्यो । मस्कोले पैसा, इन्धन, सैन्य सामग्री तथा अन्य रणनीतिक कुरा पनि उपलब्ध गरायो (Muhlhahn, 2019, p. 324) ।

स्तालिन जीवित छँदा मात्र नभई उनीपछिका सोभियत नेताहरूले चीनको कम्युनिस्ट सरकारले आवश्यक सहयोग प्राप्त गरिरहे । सोभियत नेताहरूले जनगणतन्त्र चीनको आर्थिक पुनर्संरचनाको निम्ति र यसको अन्तर्राष्ट्रिय स्तर वृद्धिको निम्ति आवश्यक सहयोग प्रदान गरे (Jian, 2001, p. 61) । सोभियत सङ्घको प्रत्यक्ष सहयोगमा चीनमा माओ त्सेतुङको नेतृत्वमा आत्मनिर्भर अर्थतन्त्रको विकास गरी समाजवादको आधार तयार गरिए पनि तीव्र आर्थिक विकासको लागि औद्योगीकरणको लहर चल्न सकेन ।

देङ सियाओपिङले सन् १९७८ मा चिनियाँ कम्युनिस्ट पार्टीको स्थायी समितिको सदस्य गुमु निङ (Gumu Ning) को नेतृत्वमा ५ युरोपियन देशहरूको १५ ठुला सहरहरूको अध्ययनको निम्ति एक प्रतिनिधिमण्डल पठाए । उनी आफैँले पनि युरोप, अमेरिका, जापान तथा सिङ्गापुरको भ्रमण गरे । यी अध्ययन भ्रमणबाट प्राप्त ज्ञानको आधारमा उनले चीनको सेनचेन (Shenzhen), झुहाई

(Zhuhai), सन्ताओ (Santao) र सियामेन (Xiamen) लाई चारोटा विशेष आर्थिक क्षेत्रको रूपमा विकास गरे। चीनको वर्तमान अवस्था देङकै नीतिको परिणाम हो (Khanal, 2025, p. 56)। आफू साम्यवादी पार्टीकै ढाँचाअनुसार चलिरहेको दावी गर्ने चीनले चिनियाँ समाजको आधुनिकीकरण –अन्तर्गत वैदेशिक पुँजी र प्रविधि देशभित्र भित्र्याउने खुला नीति कार्यान्वयन गर्दै गयो। वैदेशिक पुँजी र प्रविधिले चीनको आर्थिक वृद्धिदर संसारकै सबैभन्दा उच्च बन्न पुग्यो (शर्मा, २०६७, पृ. ३५)। देङसियाओ पिङको नेतृत्वमा सुरु गरिएको आर्थिक सुधारको एउटा प्रमुख आयाम चिनियाँ ढाँचाको समाजवाद निर्माण गर्न आन्तरिक आर्थिक सुधार खासगरी कृषि क्षेत्रमा र विशेष आर्थिक क्षेत्रमा वैदेशिक लगानी र प्रविधि अभिवृद्धि गर्नु रहेको थियो (खड्का, 'सिद्धान्त' नागरिक ३० फागुन २०६९)। यही आधारमा वर्तमान चिनियाँ राष्ट्रपति सी जिन पिङले चिनियाँ विशेषताको समाजवाद स्थापना गर्ने सङ्कल्प गरिरहेका छन्।

## *नेपालको सन्दर्भमा समाजवाद उन्मुख अर्थतन्त्र*

कुनै पनि देशमा अधिकांश राजनीतिक परिवर्तन राजनीतिक शक्तिले अवलम्बन गरेको आर्थिक विकृति र विसङ्गतिका कारणले हुने गरेका छन् (कार्की, गोरखापत्र, १४ मङ्सिर २०८०)। नेपालका कतिपय राजनीतिक अर्थशास्त्रीहरू सत्तासिन राजनीतिक पार्टीहरू माओवादी जनयुद्धको जगमा उठेको २०६२/६३ को दोस्रो जनआन्दोलनको प्रतिफलको रूपमा प्राप्त वर्तमान शासन व्यवस्थाको स्थापनापछि नेपालमा पुँजीवादी क्रान्ति सम्पन्न भएको दावी गर्छन्। तर सैद्धान्तिक र व्यावहारिक रूपले हेर्दा नेपालमा न पुँजीवादी क्रान्ति सम्पन्न भएको देखिन्छ न त पुँजीवादी शासन व्यवस्था नै स्थापना भएको पाइन्छ। नेपालमा सम्पन्न भएको त दलाल पुँजीवादी क्रान्ति हो र स्थापना गरिएको दलाल पुँजीवादी व्यवस्था नै हो। कुनै पनि नामका सरकारहरू यही नोकरशाही दलाल पुँजीको अनुयायी हुन बाध्य छन् (नेपाल, गोरखापत्र, २०७१ माघ २२)।

दलाल पुँजीवाद साम्राज्यवाद र विस्तारवादद्वारा निर्देशित हुन्छ। यो नेपाली जनता, देशको स्वाधीनता र समृद्धि विरुद्ध छ (MLM https://sajhadabali.com)। दलाल पुँजीवादी राज्यले साम्राज्यवादीहरूले बहुराष्ट्रिय कम्पनीहरूमा कच्चा पदार्थ र श्रमशक्ति पूर्ति गर्छन् तथा उनीहरूको तयारी माल ल्याएर आफ्नो देशमा बेच्ने वातावरण बनाउँछन्। उत्पादनमूलक क्षेत्रमा होइन, बरु अनुत्पादक र सेवा क्षेत्रमा लगानी गर्छ। दलाल पुँजीवाद अनुदान, कमिसन र भ्रष्टाचारमा बाँच्छ (विश्वकर्मा, https://eratokhabar.com)। दलाल पुँजीवादले आफ्नो बजारमा दलाल एजेन्सीहरूको संरक्षण गरिरहेको हुन्छ। कमिसनबाट प्राप्त रकम पार्टीको खातामा नगन्य मात्र जम्मा हुन्छ। यही कमिसनले पार्टीमा रातारात नवधनाढ्य वर्गको उदय हुन्छ। ती पार्टीहरूमा सिद्धान्त र सङ्गठनप्रति इमानदार मानिसहरूको सङ्ख्या पनि कम हुँदै जान्छ (सुवेदी, २०७७ चैत्र १७)।

पुँजीवादी शासन व्यवस्था भएको मुलुकले श्रमको सट्टा प्रविधि बेच्छ, कच्चा पदार्थको सट्टा उत्पादित माल बेच्छ, नाफालाई पुनः माल उत्पादनको क्षेत्रमा लगानी गर्छ र उत्पादनका साधनहरूमा वृद्धि गर्छ। अमेरिका, बेलायत, फ्रान्स, जर्मनीजस्ता जति पनि विकसित पुँजीवादी राष्ट्रहरूको आन्तरिक अर्थतन्त्रमा सरकारी लगानीले ठुलो हिस्सा ओगटेको छ। यी देशहरूमा सार्वजनिक यातायात, सार्वजनिक शिक्षा, बैङ्क तथा वित्तीय संस्थाहरू, विद्युत् उत्पादन तथा वितरण प्रणाली, हवाई मैदान व्यवस्थापन, खाद्य सुरक्षण, वन व्यवस्थापन, आधारभूत चिकित्सा सेवा, औषधी उद्योग इत्यादिमा सरकारी क्षेत्रको प्रमुख लगानी र नियन्त्रण रहेको छ (पौडेल, २०७४, पृ. ५११)।

तर नेपालले २०४६ सालमा संसदीय व्यवस्थाको पुनःस्थापना भएपछि नवउदारवादी अर्थनीति लागु गऱ्यो र उत्पादन र वितरणको क्षेत्र निजी क्षेत्रको हातमा सुम्पदै आयो। यसले देशमा विकास हुँदै आएको औद्योगीकरणको गला मात्रै निमोठेन कि देशले कल्याणकारी राज्यको चरित्र पनि गुमायो। गणतन्त्र स्थापनापछि बनेका हरेक सरकारले पनि आफ्नो देशको श्रमशक्ति बेच्ने र वैदेशिक उत्पादित माल आयात गर्ने नीतिलाई संविधानतः अघि बढाए। परिणाम

स्वरूप देशको राष्ट्रिय अर्थतन्त्रको गला निमोठिएको छ भने देश पूर्णतः पराश्रित र परनिर्भर बन्दै गएको छ। परिणाम स्वरूप आन्तरिक र बाह्य ऋणको भार अब अत्यधिक बढेको छ। पुँजीगत खर्चभन्दा ऋणको किस्ता र साँवा ब्याजको लागि बढी रकम विनियोजित गर्नुपर्ने भएपछि मुलुक कति गहिरो ऋणको जालोमा उदाङ्गो हुन पुगेको छ (रोका, २०८१, पृ. ११)।

गणतन्त्र स्थापनापछि बनेका सरकारको तर्फबाट सामाजिक सुरक्षाका नाममा विभिन्न लक्षित वर्ग किटानी गरी तिनीहरूलाई राज्यकोषबाट निश्चित रकम उपलब्ध गराउँदै आएका छन्। तर राष्ट्रिय आय र अवसरको न्यायोचित वितरण नहुँदा आर्थिक रूपले असमान वर्गीय विभाजनको खाडल झन् धेरै गहिरिँदै आएको छ। समाजमा धनी र गरिबको अनुपात फराकिलो हुँदै जानुले सामाजिक आर्थिक असमानतालाई नै उजागार गरिरहेको छ। यसैले वर्तमान शासन व्यवस्थाको चरित्रलाई नबदलीकन समाजवाद उन्मुख अर्थतन्त्रको विकास सम्भव छैन। यसर्थ नेपालमा समाजवाद उन्मुख अर्थतन्त्रको निर्माणका लागि सबैभन्दा पहिले पुरानो व्यवस्थाका आर्थिक, सामाजिक अवशेषहरू समाप्त गर्दै राष्ट्रिय पुँजीवादको विकास गर्नुपर्ने हुन्छ (पौडेल, २०७४, पृ. ४९७)। समाजवाद उन्मुख अर्थतन्त्रको निर्माणको निम्ति तल उल्लेखित कार्यहरू गरिनुपर्दछ–

## नवउदारवादी अर्थनीतिको खारेजी

अर्थशास्त्रको क्षेत्रमा नवउदारवादी सिद्धान्तका प्रणेता सन्१९७४ मा नोबेल पुरस्कार प्राप्त गर्ने अस्ट्रियाका अर्थशास्त्री फ्रेडरिक भान हायक हुन्। हायकको विचारमा आर्थिक सिद्धान्तले पहिलो माने राख्छ र राजनीतिक स्वतन्त्रता व्यक्तिगत आर्थिक स्वतन्त्रताका लागि एउटा माध्यम बन्न सक्तछ, त्यो पनि सदाका लागि होइन। अर्थव्यवस्थामा सरकारी हस्तक्षेपले समस्याहरू उब्जिएका हुनाले त्यसबाट सरकारलाई पूर्ण रूपमा बाहिर्‍याएर बजारलाई स्वतन्त्र छाडिदिनुपर्दछ र सरकारले अर्थतन्त्रमाथिको भूमिकालाई कम गराउँदै लैजानुपर्दछ (रोका, सन् २००७, पृ. १६२)। नवउदारवादले समाजवादको पक्षपोषण गर्दैन। किनकि नवउदारवादले स्वतन्त्र बजार र नाम मात्रको राज्यको पक्षमा वकालत गर्दछ। यसैसँग राज्यको भूमिकाको दुइटा पाटाहरू छर्लङ्ग देखिन्छन्। पहिलो पाटो यसको अन्तर्राष्ट्रिय बजारसँगको सम्बन्ध हो। यसअन्तर्गत राज्यले अन्तर्राष्ट्रिय बजारको निमित्त विनारोकतोक आफ्नो राज्यको ढोका खुला राख्छ। अफठ्यारो पर्न सक्ने सबै किसिमका कानुनी अथवा संवैधानिक व्यवधानहरू हटाइदिएर बजार विकासका लागि धेरै उर्बर वातावरण बनाइदिन्छ (वन्त, सन् २००७, पृ. १११)।

## राष्ट्रियकरण

उत्पादनका साधनहरूको राष्ट्रियकरण विना आर्थिक रूपले पराधीन बन्दै गएको नेपालजस्तो देशमा राष्ट्रिय अर्थतन्त्रको विकास हुँनै सक्तैन। राष्ट्रिय अर्थतन्त्र आत्मनिर्भर अर्थतन्त्रको पूर्वसर्त हो। यसर्थ सम्पूर्ण उत्पादनका साधनहरू, वैदेशिक लगानीका उद्योग व्यवसायहरू, विभिन्न बैङ्क तथा वित्तीय संस्थाहरू र नाफा आर्जन गर्ने उद्देश्यले खोलिएका गैरसरकारी तहका शिक्षण तथा स्वास्थ्य संस्थाहरूलाई राष्ट्रियकरण गरिनुपर्छ। किनकि आर्थिक पराधीनताबाट मुक्त हुने, राष्ट्रिय अर्थतन्त्रको निर्माण गर्ने एक अत्यन्तै प्रभावशाली साधन हो– राष्ट्रियकरण (आफ्नास्येभ, २०६७, पृ.२६०)।

औद्योगीकरणको पूर्वाधार पहिल्यै तयार भइसकेको सोभियत सङ्घले कम्युनिस्ट पार्टीको नेतृत्वको समाजवादी शासन व्यवस्थाअन्तर्गत आफ्नै आन्तरिक साधन र स्रोतको योजनाबद्ध र उचित प्रयोगद्वारा राष्ट्रियकरण र सामूहिकीकरणको आर्थिक नीतिद्वारा समाजवादी अर्थतन्त्रको विकास गरेको थियो भने चीनले नयाँ जनवादी व्यवस्थाअन्ततर्गत कम्युनिस्ट पार्टीको नेतृत्वमा सोभियत सङ्घको आर्थिक र प्राविधिक सहयोगमा आन्तरिक साधन तथा स्रोतको परिचालन गरेर आत्मनिर्भर अर्थतन्त्रको विकास गरी समाजवादी अर्थतन्त्रको जग बसालेको थियो। तर नेपालको सन्दर्भमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितिको कारणले सम्भव देखिँदैन।

## राज्य र निजी क्षेत्रको संयुक्त लागानी

नेपालको सन्दर्भमा राष्ट्रिय आत्मनिर्भर अर्थतन्त्रको

निर्माण नै समाजवाद उन्मुख अर्थतन्त्रको आधार हुन्छ। यस्तो अर्थतन्त्रको निर्माणको लागि सरकारले देशको विद्यमान आर्थिक, शैक्षिक, प्रशासनिक, न्यायिक र सुरक्षा नीतिमा व्यापक परिवर्तन गरी यी सबै क्षेत्रमा तत्कालीन राष्ट्रिय आवश्यकता पूर्ति गर्ने नीति तय गरिनुपर्छ। आर्थिक अराजकता, कमिसनतन्त्र, प्रशासनिक असक्षमता र घुसखोरी, बेरोजगारी, पक्षपातपूर्ण न्यायक्षेत्र, ठेकेदारी र कमिसनमुखी सुरक्षा क्षेत्रको प्रवृत्ति र मनोवृत्तिमा आमूल परिवर्तन नगरी राष्ट्रिय आत्मनिर्भर अर्थतन्त्रको निर्माणको लागि उपयुक्त आधार तयार हुनै सक्दैन। देशका सम्पूर्ण उत्पादनका साधन (वित्तीय संस्था, उद्योग व्यवसाय, जमिन), निजी क्षेत्रका शैक्षिक, स्वास्थ्य तथा यातायात प्रतिष्ठान र क्षेत्रमा राज्यको कम्तीमा पनि ५१% सेयर सुनिश्चित गर्ने तथा यी सबैलाई राज्यले तत्कालीन राष्ट्रिय आवश्यकता पूर्ति गर्ने गरी सञ्चालन गर्ने।

## *सुशासन*

सुशासनको अभावमा कुनै पनि मुलुकले आर्थिक विकास र समुन्नति हासिल गर्न सक्तैन। आर्थिक विपन्नताको चक्रव्यूहमा फसेको राज्यले कम्तीमा पनि २०४६ सालदेखि यता राज्यको सबै तह र अङ्गमा पुगेका व्यक्ति, राजनीतिक पार्टीका नेता–कार्यकर्ता, विभिन्न गैर सरकारी सङ्घ संस्थामा क्रियाशील रहेका व्यक्ति र उद्योगव्यवसायका सञ्चालकहरूको सम्पत्ति छानबिन गरी गैरकानुनी वा अपारदर्शी किसिमले तिनले आर्जन गरिएका र विदेशमा सञ्चय गरेका धनलाई जफत गरी राष्ट्रिय ढुकुटीमा जम्मा गर्ने तथा यसरी प्राप्त भएको रकमलाई राज्यले विभिन्न उद्योगव्यवसायमा लगानी गर्ने हिम्मत गर्नुपर्दछ।

भविष्यमा पनि आर्थिक अराजकता र भ्रष्टाचारजन्य क्रियाकलाप रोक्नको लागि भ्रष्टाचारी र तिनका आफन्त आदिका नाममा रहेको सम्पूर्ण सम्पत्ति राज्यले जफत गर्ने र तिनलाई सश्रम आजीवन काराबासमा राख्ने कानुन निर्माण गर्नुपर्दछ। यस्तो कानुनको उचित कार्यान्वयनको लागि आवश्यक योग्यता र क्षमता भएका व्यक्तिहरूलाई खुला प्रतिस्पर्धाबाट न्यायसेवामा प्रवेश गराउनुपर्दछ। राजनीतिक भागवण्डाको आधारमा न्यायसेवामा प्रवेश गरेका सम्पूर्ण न्यायाधीशहरूलाई अवकाश दिनुपर्दछ।

## *निष्कर्ष*

समाजवादी अर्थतन्त्र भनेको पुँजीवादी अर्थतन्त्रका विपरीत चरित्र भएको अर्थतन्त्र हो। सन् १९१७ को अक्टोबरमा सम्पन्न समाजवादी क्रान्तिपछि रुसी कम्युनिस्ट पार्टी (बोल्सेभिक) को नेतृत्वमा स्थापना गरिएको समाजवादी शासन व्यवस्थाअन्तर्गत सोभियत सङ्घ रुसमा समाजवादको निर्माण गरिएको हो। जनगणतन्त्र मङ्गोलिया र जनगणतन्त्र चीनले सोभियत सङ्घको आर्थिक र प्राविधिक सहयोगमा समाजवाद निर्माणको प्रक्रियालाई अघि बढायो। कम्युनिस्ट चीनले श्रम सहकारीमार्फत् तीव्र र गुणस्तरीय उत्पादन प्रक्रिया अघि बढायो। कृषि सहकारीको रूपमा देशको कुनाकुनासम्म जनकम्युनहरूको स्थापना गऱ्यो। यस्ता कम्युनहरूमार्फत चीनले परम्परागत कृषि प्रणालीलाई व्यावसायिक र औद्योगिक कृषि प्रणालीमा विकास गऱ्यो। पछिल्लो चरणमा वैदेशिक पुँजी र प्रविधिलाई आफ्नो मुलुकमा भित्र्याएर राष्ट्रिय अर्थतन्त्र र शक्तिलाई बलियो बनाउने उद्देश्यले सदुपयोग गऱ्यो र संसारकै शक्तिशाली र समृद्धशाली मुलुकको रूपमा खडा हुन सक्यो। विश्वका अरू भागमा जसरी सोभियत सङ्घ र जनगणतन्त्र चीनको आर्थिक र प्राविधिक सहयोगमा कम्युनिस्ट शासनव्यवस्था स्थापना भयो, ती सबै मुलुकमा यिनै दुई कम्युनिस्ट मुलुकको आर्थिक र प्राविधिक सहयोगमा समाजवाद उन्मुख अर्थतन्त्रको निर्माण गरियो। तर अहिले विश्व सन्दर्भ बदलिएको छ। यति बेला नै सोभियत सङ्घको अस्तित्व छ; न त कम्युनिस्ट चीनले नै शीतयुद्धको समाप्तिपछि अन्य मुलुकको कम्युनिस्ट क्रान्ति र कम्युनिस्ट नेतृत्वको सरकारलाई प्राविधिक र आर्थिक सहायता उपलब्ध गराई समाजवाद उन्मुख अर्थतन्त्रको विकास गराउने नीति नै लिएको छ। यस्तो अवस्थामा नेपालले आफ्नै आन्तरिक साधन र स्रोतको उच्चतम सदुपयोग गरी समाजवाद उन्मुख अर्थतन्त्रको विकास गर्न सक्नुपर्दछ।

## सन्दर्भ सामग्रीसूची


आचार्य नरेन्द्रदेव (२००७). *राष्ट्रियता और समाजवाद.* दिल्ली : नेशनल बुक ट्रष्ट।

आचार्य, बलराम (२०६३). *नेपालमा समाजशास्त्र तथा मानवशास्त्र.* काठमाडौँ : अर्क्सफोर्ड इन्टरनेशनल पब्लिकेशन।

आफानास्येभ, भिक्टर (२०६७). *दर्शनशास्त्रको प्रारम्भिक ज्ञान.* (अनु. राजेन्द्र मास्के). काठमाडौँ : विविध पुस्तक भण्डार।

उपाध्याय गोपिरमण (स). (२०६५). *जनताको बहुदलीय जनवाद.* काठमाडौँ : पुस्तक सेन्टर।

एंगेल्स, ड्युहरिंग (१९८५). *मतखण्डन.* मास्को : प्रगति प्रकाशन ।

के.सी., सुरेन्द्र (२०६५). *नेपालमा अम्युनिष्ट अन्दोलनको इतिहास.* (भाग– ३). काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार।

गौतम, टीकाराम (२०५६). *विकास सम्बन्धी दृष्टिकोणहरू.* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार।

डेसेन मेरी र वन्त प्रत्युष (सं.) (सन् २००७). *नेपालको सन्दर्भमा समाजशास्त्रीय चिन्तन.* ललितपुर : सोसल साइन्स वहाः।

पन्थी, युवराज (२०६०). *राजनीतिक अर्थशास्त्रको मूलभूत सिद्धान्त.* (अनु.). काठमाडौँ : विश्व नेपाली पुस्तक सदन।

पौडेल, विजयकुमार (२०७४). *मार्क्सवादी अर्थशास्त्र.* काठमाडौँ : जनता प्रसारण तथा प्रकाशन लि.।

महत, रामशरण (२०७७). *समकालीन नेपालको अर्थराजनीति परीक्षण, कम्पन र आशा.* काठमाडौँ : मकालु प्रकाशन गृह ।

मार्क्स–एंगेल्स (२०६४). *सङ्कलित रचना.* (खण्ड–१). काठमाडौँ : ऐरावती प्रकाशन प्रा. लि.।

मिश्र, चैतन्य (२०७०). *पुँजीवाद र नेपाल.* काठमाडौँः फिनिक्स बुक्स।

रोका, हरि (२०८१). *काठमाडौँः वैकल्पिक अर्थतन्त्र.* बेला बुक्स।

लेनिन भ्लाई (२०६३). *सङ्कलित रचना.* (भाग–१–४). काठमाडौँः ऐरावती प्रकाशन प्रा. लि. ।

I. T. Frolov, Edtsl, (१९८८). *दर्शनकोश.* प्रगति प्रकाशन मस्को।

खड्का, नारायण (२०६९). 'सिद्धान्त र वादमा नयाँ प्रयोग'. *नागरिक दैनिक.* (३० फागुन)।

नेपाल, प्रदिप (२०७१). 'शासन प्रणाली र राजनीतिक चेतना', *गोरखापत्र.* (२२ माघ)।

वन्त, शरद (सन् २००७). 'राज्यको भूमिकाः जनस्वास्थ्यको दृष्टिकोणबाट'. (सं. मेरी डेसेन र प्रत्युष वन्त). ललितपुर : नेपालको सन्दर्भमा समाजशास्त्रीय चिन्तन, सोसल साइनस वहाः।

हरि रोका (सन् २००७). 'उदारवाद, उदारीकरण तथा संरचनागत समायोजन कार्यक्रम'. *नेपालको सन्दर्भमा समाजशास्त्रीय चिन्तन.* ललितपुरः सोसल साइनस।

कार्की, ज्ञानेन्द्रबहादुर (२०८०). 'मुलुकको अर्थराजनीतिक दृष्टिकोण'. *गोरखापत्र.* १४ मंसिर. https://:

सुवेदी, छवि (२०७७). 'पुँजीवादी युग र राजनीतिक दलहरूको समस्या'. *लेफ्ट रिभ्यु अनलाइन.* https:// leftreviewonline.com/ bichar/capitalist-era-and-problems

Engels Frederik (1908). *Socialism: Utopia and Scientific.* Chikago: Chart ESHm, Kerr and Company.

Jian, Chen (2001): *Mao's China and Cold War.* London: The University of North Carolina Press.

Koziov, G.A. (edt.) (1977): *Political Economy: Socialism.* Moscow: Progress Publishers.

Muhlhahn, Klaus (2019). *Making China Modern From the Great Qing to Xi Jinping.* London : The Belknap Press of Harvard University Press Cambridge.

Ropp, Paul S. (2010). *China in World History*. New York: Oxford University Press.

Service Rebert (2007). *Comrades ! A History of World Communis.* Harvard University Press, Cambridge.

Strong , Anna Louise (1956). *The Stalin Era.* New York: Mainstream Publishers

Tse-tung, Mao (1967). *Selected Works of Mao tse-tung.* (Volume – I). Peking: Foreign Language Press.

Xiaoping, Deng (1987). *Fundamental Issues in Present-Day China.* Beijing: Foreign Language Press.

Wilczynski, J. (1981). *An Encyclopedic Dictionary of Marxism, Socialism and Communism.* London and Basingstoke: The Macmillan Press Ltd.

Khanal, Uttam. "Industrialization of Socialist-Oriented Economy Development in Nepal: Contribution, Possibility and Challenges of Private Sectors", https:// www. researchgate. net/ publication/365475046_Industrialization_of_ Socialist Oriented_Economy, seen, 13 March 2025.